तानसेन नगरपालिका
तानसेन नगरकार्यपालिकाको कार्यालय
तानसेन पाल्पा
लुम्बिनी प्रदेश

तेश्रो पटक प्रकाशित मिति: २०८३।०८।०४ गते

नगरक्षेत्र भित्र तोकिएको स्थानमा पार्किङ्ग शुल्क संकलन गर्ने ठेक्का सम्बन्धी सिलबन्दी दरभाउ तथा बोलपत्र आह्वानको सूचना

तानसेन नगरपालिका, नगरकार्यपालिका कार्यालयबाट आर्थिक ऐन २०८३ को दफा १८ र आन्तरिक आय संकलन तथा आय (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि २०८० को परिच्छेद २ दफा ३ को व्यवस्था बमोजिम आगामी आ.व. २०८३/८४ का लागि नगर क्षेत्र भित्रको तोकिएको स्थानमा **पार्किङ्ग शुल्क संकलन** गर्ने ठेक्काको माध्यमबाट गर्नु पर्ने भएकोले ठेक्का गर्नको लागि योग्य फर्म वा कम्पनीले तपशिलमा उल्लेखित कागजातहरु संलग्न राखी देहाय बमोजिमको मिति र समय भित्र यस कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक पाल्पा शाखामा रहेको खाता नं. ३०३०१००३०१०१०००४ ग-१-१ आन्तरिक राजश्व खातामा तोकिएको रकम जम्मा गरि नेपाल सरकारको सार्वजनिक खरिद अनुगमन कार्यालयको website: www.bolpatra.gov.np बाट बोलपत्र फारम Download गरि कार्यालयको राष्ट्रिय वाणिज्य बैंक पाल्पा शाखामा रहेको ग-३ धरौटी खाता नं. ३०३०१००३०३०००००४ मा जम्मा गरेको सक्कलै भौचर वा सिलबन्दी दरभाउपत्रको हकमा कम्तिमा ७५ दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बैंक जमानत (Bid Bond) संलग्न राखी पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

आवश्यक कागतजातहरु

- फर्म दर्ताको प्रमाणित प्रतिलिपि
- फर्म नविकरणको प्रमाणित प्रतिलिपि
- मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
- आ.व. २०८२।०८३ को कर चुक्ता प्रमाणपत्रका प्रतिलिपि

ठेक्का नं.	कामको विवरण	न्यूनतम ठेक्का अंक वार्षिक रु. (मू.अ.कर बाहेक)	सिलवन्दि दरभाउपत्र खरिद गर्ने मिति र समय	शीलबन्दी/बोलपत्र दस्तुर रु.	सलवन्दि दरभाउपत्र पेश गर्ने र खोलिने मिति समय र स्थान	कैफियत
Tmo/IR/03/2083-084	नगर क्षेत्र भित्र तोकिएको स्थानमा पार्किङ्ग शुल्क संकलन	६६०,०००।००	२०८३।८।१० कार्यालय समय भित्र	१०००।००	२०८३।८।११ कमश दिउसो १२ वजे र २ वजे तानसेन नगरपालिकाको कार्यालय	सिलबन्दी दरभाउपत्र तेश्रो पटक प्रकाशित

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

तानसेन नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

लुम्बिनी प्रदेश, नेपाल

तानसेन, पाल्पा

बोलपत्र फारम

आ.ब २०८३/८४

बोलपत्रको नाम :

नगरक्षेत्र भित्र तोकिएको स्थानमा पार्किङ्ग शुल्क संकलन गर्ने ठेक्का सम्बन्धी सिलबन्दी दरभाउ तथा बोलपत्र आह्वानको सूचना

ठेक्का नं :

TMO/IR/03/2083-84

शर्त तथा बन्देजहरु

१. शीलबन्दी/बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति, समय र स्थान:

बोलपत्र पेश गर्न चाहने फर्म/कम्पनीले उल्लेखित प्याकेजका शिलबन्दी/बोलपत्र फारकम खरिद गर्ने अन्तिम मिति यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र वा २०८३।०८।१० गते कार्यालय समय भित्र बोलपत्रदाताहरुले निर्धारित बोलपत्र दस्तुर जम्मा गरी नेपाल सरकार सार्वजनिक खरिद अनुगमन कार्यलयको website:www.bolpatra.gov.np बाट बोलपत्र फारम Download गर्नु पर्नेछ ।

कार्यालय कोड	: ८०१०५५००१
राजश्व प्रयोजन	: बोलपत्र दस्तुर
खाताको नाम	: तानसेन नगरपालिका ग-१-१ आन्तरिक राजश्व
खाता नम्बर	: ३०३०१००३०१०१०००४
राजश्व शिर्षक	: १४२२९
बैंक	: रा.बा.बैं. पाल्पा शाखा

२. शिलबन्दी दरभाउ/बोलपत्र फारम दाखिला गर्ने, खोल्ने समय र स्थान :

बोलपत्र मिति २०८३।८।१०गते दिँउसो १२:०० बजे भित्र E-GP प्रणालीबाट अपलोड गर्नु पर्नेछ । अपलोड भएका शिलबन्दी दरभाउपत्र/बोलपत्रहरु दिँउसो १:०० बजे तानसेन नगरपालिका, नगरकार्यपालिकाको कार्यालयमा खोलिने छ । बोलपत्र खोल्दा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. प्राप्त शिलबन्दी दरभाउपत्र वा बोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

४. शिलबन्दी दरभाउपत्र वा बोलपत्र स्वीकृत भएमा पट्टा लिनु अगावै ठेक्का/कबोल अकं एकमुष्ट बुझाउनु पर्नेछ । एकमुष्ट बुझाउन नसकेमा ५०% रकम अग्रीम बुझाउनु पर्नेछ र बाँकी ५०% रकमको लागि नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकबाट तानसेन नगरपालिकाको नाममा जारी भएको २०८४ श्रावण मसान्त सम्मको म्याद भएकोले बैंक ग्यारेन्टीको सक्कल प्रति पेश गर्नु पर्नेछ ।

५. बोलपत्र स्विकृत भै सम्झौता भए पश्चात चलन चल्ती गर्ने जिम्मा बोलपत्रदाताको हुनेछ ।

६. तोकिएको दर तानसेन नगरपालिकाको आर्थिक ऐन, २०८३ बमोजिम हुनेछ ।

७. ठेक्का स्वीकृत भै भोगचलन गरेपछि कुनै किसिमको मिनाहा छुट दिइने छैन ।

८. ठेक्का अवधि कार्यदेश पाएको मिति देखि २०८४ साल असार मसान्तसम्मको लागि मात्र हुने छ ।

९. ठेकका स्वीकृत भएका ठेकेदारले ठेक्का सम्झौता गर्नु अगावै पेश गर्नु पर्ने बैंक ग्यारेन्टी वा अन्य कागजातहरु तोकिउको समय भित्र पेश नगरेमा निजले बोलपत्र साथ जम्मा गरेको धरौटी, वापतको रकम जफत गरि निजको नामको ठेक्का तोडी क्रमश: दोश्रो, तेश्रो क्रमका बोलपत्रदातालाई ठेक्का सम्झौता गराईनेछ ।

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

१०. बोलपत्र दाखिला गर्दा कबोल गरेको कुल रकमको ५% ले हुन आउने धरौटी वापतको रकम देहाय बमोजिमको विवरणमा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्ने छ।

खाताको नाम : तानसेन न.पा. ग-३ धरौटी खाता

खाता नम्बर : ३०३०१००३०३०००००४

बैंक : रा.बा.बैंक पाल्पा शाखा

१० नगर क्षेत्रभित्रको पार्किन शुल्कको लागि देहायको क्षेत्र तोकिएको छ।

पाल्पा वसपार्क

वीरेन्द्र फूलवारी

नारायणस्थान चोक र देववाणी स्कूल तलको स्थान

हुलाक अगाडिको क्षेत्र

मिशन अस्पतालको माथिल्लो र तल्लो गेट अगाडीको क्षेत्र

विशाल वजार चोक वरिपरिको क्षेत्र

११ नगर क्षेत्रभित्र पार्किन शुल्कको लागि नगरपालिकाको आर्थिक ऐन २०८३ को अनुसुची ११ मा देहाय अनुसार सवारी साधनको दररेट निर्धारण गरिएको छ।

वस टक टीपर टयाँकर रु ६०

मिनि वस मिनी ट्रक रु ५०

जीप कार भ्यान रु ३०

मोटरसाइकल रु रु १०

ट्याक्टर रु ४०

ब्याकहो लोडर रु १००

१२. विस्तृत जानकारीको लागि कार्यालय समय भित्र तानसेन नगरकार्यपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिने छ।

तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय तानसेन, पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

.....

प्रमुख प्रशासकीय अधिकृत

चेतनाथ गिरी

प्रमुख प्रशासकीय अधिकृत

लुम्बिनी प्रदेश

तानसेन नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

तानसेन पाल्पाको

सिलवन्दि बोलपत्र फारम

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

नगरक्षेत्र भित्र तोकिएको स्थानमा पार्किङ्ग शुल्क संकलन

ठेक्का नं : TMO/IR/03/2083-084

BOQ

क्र.स	ठेक्काको विवरण	न्युनतम ठेक्का अङ्क	कबोल अंक		कैफियत
			अंकमा	अक्षरमा	
१	रिडी मेला २०८३ संचालन तथा व्यवस्थापन	६६००००			
	मु अ क १३ प्रतिशत	८५८००			
	कुल जम्मा	७४५८००			

माथि उल्लेख भएको विवरणमा म सहमत छु झुठ्ठा ठहरेमा काननु वमोजिम सहुला बुँझाउला

बोलपत्र पेश गर्नेको हस्ताक्षर

नाम :

ठेगाना :

सम्पर्क नं :

मिति:

छाप